# आर्थिक वर्ष २०८२/०८३ को बजेट बक्तव्य

कुश्मा नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

कुश्मा, पर्वत

२०८२ असार १०

"समृद्ध सुन्दर कुश्मा नगर"

कुश्मा नगरपालिकाको सम्मानित नगर सभाको बाह्रौ अधिवेशन २०८२ साल असार १० गते मंगलवारका दिन नगरपालिका उपप्रमुख श्री स्वस्थानी रिजालज्यूबाट प्रस्तुत

# आर्थिक वर्ष २०८२/८३ को बजेट वक्तव्य २०८२

कुश्मा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कुश्मा पर्वत

कुश्मा नगरपालिकाको नगर सभाको बाह्रौ अधिवेशनका अध्यक्ष एवं कुश्मा नगरपालिकाका प्रमुखज्यू, प्रमुख प्रशासकीय अधिकृतज्यू, सभामा उपस्थित नगर सभाका सदस्य ज्यूहरु, कुश्मा नगरपालिकाका कर्मचारी साथीहरु, विभिन्न क्षेत्रबाट प्रतिनिधित्व गरी यस गरिमामय सभामा उपस्थित हुनु भएका विशिष्ट महानुभावहरु, विभिन्न माध्यमबाट यस अधिवेशनलाई सम्प्रेषण गर्नुहुने संचारकर्मी मित्रहरु लगायत उपस्थित सम्पूर्ण महानुभावहरु एवं सम्पुर्ण नगरवासीहरुलाई हार्दिक स्वागत गर्न चाहन्छु ।

**आदरणीय सभाका सभा अध्यक्षज्यू,**
**नगर सभाका सदस्यज्यूहरु,**

१. कुश्मा नगरपालिकाको नगर उप प्रमूख एवं वजेट तथा कार्यक्रम तर्जुमा समितिको संयोजकको हैसियतले नेपालको संविधानले तोकेको समयावधि भित्रै आर्थिक वर्ष २०८२/०८३ को वार्षिक वजेट तथा कार्यक्रम यस सम्मानित नगरसभामा प्रस्तुत गर्न पाउँदा गौरवान्वित महशुस गरेको छु ।

२. यस अवसरमा नेपालको राष्ट्रियता, राष्ट्रिय स्वाधीनता, गणतन्त्र एवं लोकतन्त्र स्थापना तथा सामाजिक न्याय र समानता सहितको संघीय शासन प्रणाली र विभिन्न राजनीतिक परिवर्तनका लागि आफ्नो अमुल्य जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात, अज्ञात वीर सहिदहरुप्रति भावपूर्ण श्रद्धा सुमन अर्पण गर्दछु । साथै घाईते, वेपत्ता योद्धा एवम् पीडित परिवार र नागरिक प्रति कुश्मा नगर सरकारको तर्फबाट हार्दिक सम्मान व्यक्त गर्दछु । मुलुकको परिवर्तनका लागि भएका सबै राजनीतिक आन्दोलन तथा आर्थिक र सामाजिक सबलीकरणको लागि नेतृत्वदायी भूमिका निर्वाह गर्नुहुने शिखर व्यक्तित्वहरुप्रति सम्मान व्यक्त गर्दछु ।

३. नेपालको सविधानको धारा २३० बमोजिम प्रस्तुत बजेट समन्वय, सहअस्तित्व र सहकार्यलाई मजवुत वनाउँदै संघीयतालाई सबल वनाउन वास्तविक रुपमा जनता मालिक तथा जनप्रतिनिधी र कर्मचारी सेवक रहेको अनुभूति दिलाउँदै समृद्द सुन्दर कुश्मा नगरको दीर्घकालिन सोच प्रासिमा साझा धारणा वनाई कार्य गर्न प्रस्तुत वजेट परिलक्षित हुनेछ ।

४. स्थानीय जनताको प्राथमिकता र आवश्यकता अनुसारनै योजना तर्जुमा र कार्यान्वयन हुने भएको हुँदा जनताको विचार र भावनाको प्रतिबिम्ब हुने गरी नै बजेट तर्जुमा गरिएको विश्वास दिलाउन चाहन्छु ।

५. नेपालको संविधानले स्थानीय तहलाई दिएको अधिकार क्षेत्र, संघीय तथा गण्डकी प्रदेश सरकारको नीति तथा कार्यक्रम, सोह्रौं योजनाले तोकेका प्राथमिकताको क्षेत्र, प्रादेशिक आवधिक योजना, कुश्मा नगरपालिकाको आवधिक योजना र मध्यकालीन खर्च संरचना, नेपाल सरकारले अन्तराष्ट्रिय स्तरमा गरेका प्रतिवद्धता, दिगो विकासका लक्ष्य एवम् प्रचलित ऐन, कानुन तथा कार्य विधिबाट निर्देशित भई सम्मानित नगरसभावाट स्वीकृत कुश्मा नगरपालिकाको आ.व. २०८२/०८३ को नीति तथा कार्यक्रमलाई कार्यान्वयन गर्ने गरी बजेट तर्जुमा गरेको छु ।

६. कुश्मा नगरबासीहरुको माग, चाहना र आवश्यकता पुरा गर्न टोलस्तर/वडा स्तर/नगरस्तरमा भएका छलफल तथा अन्तरक्रियात्मक कार्यक्रम, विषयगत समितिमा भएका छलफल, नागरिक समाज, बुद्धीजीवी, पत्रकार,

राजनीतिक दल/भातृ संघ, संगठन र विभिन्न माध्यमबाट प्राप्त रचनात्मक सुझावलाई समेटेर बजेट तथा कार्यक्रम तर्जुमा गरिएको छ ।

७. संघीय तथा गण्डकी प्रदेश सरकारबाट बाँडफाँड भई प्राप्त हुने राजस्वको सीमाभित्र प्रशासनिक तथा कार्यालय संचालन खर्च रहने गरी बजेट प्रस्ताव गरेको छु। नेपाल सरकार एवम् गण्डकी प्रदेश सरकारबाट वित्तीय हस्तान्तरण भई प्राप्त हुने समानीकरण अनुदान, सशर्त/समपुरक/विशेष अनुदान र कुश्मा नगरपालिकाको आन्तरिक राजस्वलाई बजेटका प्राथामिकता र उद्देश्य हासिल गर्न सक्ने कार्यक्रममा विनियोजन गरिएको छ ।

**आदरणीय सभाका सभाअध्यक्षज्यू,**
**नगर सभाका सदस्य ज्यूहरु,**

८. अब म चालु आ.व. २०८१/०८२ को वजेट तथा कार्यक्रम कार्यान्वयनको समीक्षा प्रस्तुत गर्न चाहन्छु ।

- चालु आर्थिक वर्षका लागि रु. ९२ करोड १२ लाख ७२ हजार रकम विनियोजन भएकोमा आषाढ ८ गते सम्म रु. ५५ करोड ६० लाख खर्च भई ६०.३५ प्रतिशत प्रगति हाँसिल भएको छ ।
- चालु आर्थिक वर्षमा कुल विनियोजित रकम मध्ये आन्तरिक स्रोतवाट रु ८ करोड १३ लाख व्यहोर्ने अनुमान गरिएकोमा हाल सम्म रु. २ करोड ४८ लाख मात्र संकलन भएको छ । यसमा स्रोत अनुमान गर्दा वढी महत्वकाँक्षी भएको महशुस भएको छ ।
- आ.व. २०८०/०८१ को अन्तिम लेखापरीक्षण प्रतिवेदन प्राप्त भएको छ । चालु खर्च घटाउने प्रत्येक आ.व. मा बेरुजु देखिएका खर्चको सन्दर्भमा सम्बन्धित अधिकारीलाई जिम्मेवार वनाउने र निरन्तर नियमन गरी वढ्दो वेरुजु कम गर्न आवश्यक व्यवस्था मिलाइने छ । चालु आर्थिक वर्ष २०८१/०८२ को तेस्रो त्रैमासिक सम्मको आन्तरिक लेखा परीक्षण समेत सम्पन्न भईसकेको छ ।

९. अब म चालु आ. व. २०८१/८२ मा प्राप्त गरेका मुख्य उपलब्धीहरु प्रस्तुत गर्न चाहन्छु ।

- चालु आ.व.मा जम्मा १५ वटा आयोजनाको वोलपत्र आह्वान भएको छ । वडास्तर र नगरस्तरवाट कार्यान्वयन भएका योजनाहरुको समग्र प्रगति तथा उपलव्धि आर्थिक वर्षको समाप्ति पछि तयार हुनेछ । चालु आर्थिक वर्षमा वडा नं. १४ को वडा कार्यालय भवन निर्माणको कार्य सम्पन्न भई कार्यालय सञ्चालनमा आएको छ । वडा नं. १ र ८ को वडा कार्यालय भवनहरु निमार्णाधीन अवस्थामा रहेका छन् ।
- चालु आ.व. मा जम्मा १२ वटा नयाँ घरको नक्सापास सम्पन्न गरिएको छ ।
- ३ वटा खानेपानी उपभोक्ता समिति र ५ वटा मूल दर्ता भएका छन् ।

- कुश्मा नगरपालिकाको प्रशासकीय भवनको हाल सम्म वित्तीय प्रगति ३९ प्रतिशत रहेकोमा भौतिक प्रगति करिव ५० प्रतिशत पुगेको छ ।
- नगर कार्यपालिकाको कार्यालयबाट कार्यान्वयन हुने सबै योजना उपभोक्ता समिति र ठेक्का मार्फत कार्यान्वयन प्रकृया अगाडि बढी ३९५ योजना रहेकोमा २३१ बटा योजना सम्पन्न भएका छन । अन्य योजनाहरु काम सम्पन्न भई भुक्तानीको चरणमा रहेका छन् ।
- नगरपालिकाका हरेक गतिविधिहरु नियमित रुपमा वेबसाइट, फेसवुक पेज र अन्य विद्युतीय संजाल मार्फत् सार्वजनिक गरिदै आएको छ । सि.सी क्यामेरा, नेटवर्किङ्ग, विद्युतीय हाजिर लागू गरी प्रविधीमैत्री सेवा प्रवाहमा जोड दिईएको छ ।
- भौतिक पूर्वाधार तर्फ चालु आर्थिक वर्ष २०८१/०८२ को हालसम्म नगरपालिका भित्र १६५० मिटर कालोपत्रे सडक, ३०० मिटर नयाँ ट्रयाक, २९०९ मिटर पक्की नाली निर्माण, ५७० मिटर कच्ची नाली निर्माण, ८५७ मिटर ग्रावेल सडक, १३५७ मिटर सडक ढलान, १६४ मिटर छपनी ढुंगा प्रयोग गरी निर्मित सिढी, ८३५ घनमिटर ग्याबिन जाली, ५३७ मिटर सुख्खा ढुंगाको वाल निर्माण, ७६५ मिटर ढुङ्गाको सडक सोलिङ्ग र ३६४ मिटर छपनी ढुङ्गा विछ्याउने कार्य सम्पन्न भएको छ ।
- उपभोक्ता समितिका पदाधिकारीको लागि योजना कार्यान्वयन सम्बन्धि अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको छ ।
- १७०० मिटर खानेपानीको लाइन विस्तार कार्य सम्पन्न भएको छ ।
- सामाजिक सुरक्षा भत्ता सबै लाभग्राहीको खातामा EFT मार्फत् भुक्तानी हुने व्यवस्था मिलाइएको छ ।
- नगर प्रमुख सँग प्रतिभा पहिचान कार्यक्रम अन्तर्गत कक्षा ११ र १२ मा ३.६३ भन्दा माथि जि.पि.ए. ल्याउने ३१ जना विद्यार्थीहरुलाई वार्षिक ३० हजारका दरले छात्रवृत्ति प्रदान गरिएको छ ।
- विद्यालयमा कार्यरत ७० जना बालशिक्षक, १८ जना विद्यालय कर्मचारी र ७० जना कार्यालय सहयोगी कर्मचारीहरुको तलव थप भएको छ ।
- विद्यालयमा कार्यरत ७० जना प्रधानाध्यापकहरुको प्र.अ. भत्तामा शत प्रतिशत थप गरिएको छ ।
- शिक्षक स्वर्णिम अवकाश योजना कार्यान्वयन गरिएको छ । यसवाट प्राथमिक तहका १० जना शिक्षकहरु लाभान्वित भएका छन् ।
- नगरपालिका अन्तर्गतका सवै सामुदायिक विद्यालयहरुमा सञ्चालन हुने कक्षा ४ देखि ११ सम्मको वार्षिक परीक्षा नगरपालिका स्तरमा सञ्चालन गरिएको छ ।

- नगरपालिका स्तरीय कक्षा ८ को आधारभूत तह उत्तीर्ण परीक्षा सम्पन्न गरिएको छ । उत्तरपुस्तिकाहरु नगरपालिकामा नै झिकाई परीक्षण गरिएको छ ।
- सामुदायिक विद्यालयमा कक्षा ६ देखि १० सम्म अध्ययनरत करिब १२०० छात्राहरुलाई निशुल्क सेनेटरी प्याड वितरण गर्ने प्रवन्ध गरिएको छ ।
- बाल कक्षा देखि ५ सम्म अध्ययनरत बालबालिकाहरुको लागि दिवा खाजाको व्यवस्थापन गरिएको छ ।
- नगरपालिका स्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सफलतापूर्वक सम्पन गरिएको छ ।
- नगरपालिकाको वडा नं १ को तत्तरकोट तथा ११ को सिल्मीमा प्रजनन् स्वास्थ्य सम्बन्धी एकीकृत स्वास्थ्य शिविर संचालन गरी २२३ जनालाई स्वास्थ्य सेवा प्रदान गरिएको छ।
- क्षयरोगका शंकास्पद बिरामीहरुको पहिचानको लागि क्षयरोगमुक्त अभियान कुश्मा नगरपालिकाको सवै वडामा समिति गठन तथा सुक्ष्म योजना तर्जुमा गर्ने कार्य सम्पन्न गरिएको छ । साथै उच्च प्रविधियुक्त एक्सरे मार्फत ५१६ जनाको क्षयरोग स्किनिङ्ग गरिएको छ ।
- कक्षा ६ देखि १० सम्म १० देखि १४ वर्षका किशोरीहरुको लागि पाठेघरको मुखको क्यान्सर विरुद्धको HPV खोप १५०३ जनालाई दिइएको छ।
- विद्यालय स्वास्थ्य तथा विद्यालय पोषण सप्ताह १४ वटै वडामा सम्पन्न गरिएको छ ।
- राष्ट्रिय भिटामिन ए कार्यक्रम अन्तर्गत ५ बर्ष मुनीका सबै बालबालिकाहरुलाई जुकाको औषधी खुवाउने कार्यक्रम सम्पन्न गरिएको छ।
- मधुमेह, उच्च रक्तचाप, मुटुरोग, मृगौला जस्तारोगहरुको कम्तीमा महिनामा एक पटक नगरपालिका अन्तर्गतका १७ वटै स्वास्थ्य संस्थाबाट ६० बर्ष माथिका जेष्ठनागरिक तथा अन्य जोखिममा भएका नागरिकहरुका लागि जाँच तथा प्रेषण सेवा प्रदान गर्दै आइरहेको छ।
- कुश्मा नगरपालिकालाई पुर्ण खोप पालिका घोषणा गरिएको छ ।
- सुत्केरी सँग नगर उपप्रमुख कार्यक्रम सञ्चालन गरिएको छ । यसवाट नगरपालिका भित्रका २१९ जना सुत्केरी महिलाहरु लाभान्वित भएका छन ।
- नगरपालिका भित्रका अपाङ्गता भएका नागरिकहरुको पहिचानका लागि क, ख, ग र घ वर्गका गरी हालसम्म यस आर्थिक वर्षमा १०५ जना व्यक्तिलाई अपाङ्गता परिचयपत्र र ५५ जना ज्येष्ठ नागरिकलाई ज्येष्ठ नागरिक परिचयपत्र वितरण गर्ने कार्यसम्पन्न भएको छ ।
- महिला तथा बालबालिका तर्फ लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान विभिन्न जनचेतनामुलक कार्यक्रम गरी सम्पन्न गरिएको तथा राष्ट्रिय बाल दिवस ,अन्तराष्ट्रिय अपाङ्ग दिवस, अन्तराष्ट्रिय महिला दिवस जस्ता दिवसहरु सरोकारवाला व्यक्ति तथा संस्थाको संलग्नतामा मनाउने कार्य गरिएको छ ।

- हिंसा प्रभावित महिलाहरुका लागि अल्पकालीन आश्रय स्थल सेफ हाउस संचालन गरी २१ जना प्रत्यक्ष लाभान्वित भएका छन् ।
- नगरपालिका अन्तर्गतका ७ वटा वडामा वडास्तरीय बाल क्लब गठन गरिएको छ । साथै नगरस्तरीय बाल सञ्जाल गठन गरिएको छ ।
- राष्ट्रपति महिला उत्थान जिविकोपार्जन सुधार कार्यक्रम कुश्मा नगरपालिका वडा नं. ४ का २५ जना विपन्न महिलाको लागि सञ्चालन गरिएको छ।
- कुश्मा नगरपालिका भित्रका महिला सहकारी संस्था र समुहका २८ जना महिलालाई १० दिने मादल वजाउने तालिम सम्पन्न गरिएको छ ।
- नगर क्षेत्रभित्रको फोहोरमैला व्यवस्थापनको काम नगरपालिकावाटै जनशक्तिको परिचालन गरि व्यवस्थापन भईरहेको छ ।
- ६ चरणमा १६७ जना कृषकलाई मौरीपालन तालिम संचालन गरि १८० वटा मौरी गोला सहितको घार र १४० वटा खाली मौरी घार वितरण गरिएको छ।
- ८९७ घरधुरीलाई किसान सूचीकरण प्रणालीमा आवद्ध गरिएको छ।
- कुश्मा नगरपालिका वडा नं ४ मा गुप्तेश्वर धार्मिक पर्यटन प्रबर्द्धन केन्द्रको गुरुयोजना तयार भई सोही अनुसार निर्माण कार्य भै रहेको छ ।
- उद्यम विकास कार्यक्रम अन्तर्गत कुश्मा नगरपालिका वडा नं. २ मा ३५ जनालाई उद्यमशिलता विकास कार्यक्रम र ३५ जनालाई मौरीपालन कुखुरापालन सिप विकास तालिम सम्पन्न गरिएको छ ।
- उद्यमशिलता विकासको आधार रहेको सीप विकासलाई विविधिकरण गर्दै गोला सहितको मौरीघार २७ जनालाई वितरण गरिएको छ ।
- नगरविकासको आधारको रुपमा रहेको उद्यमशिलतालाई प्रबर्द्धन गर्न नगरप्रमुखसँग उद्यमशिलता विकास कार्यक्रम अन्तरगत १५० जनालाइ उद्यमशिलता विकास तालिम २१ जनालाई बाख्रापालन सम्बन्धी तालिम र ३४ जनालाई कुखुरापालन तालिम सम्पन्न गरिएको छ ।
- सहकारी संस्थाका सम्बन्धमा प्राप्त गुनासो, उजुरी तथा समस्याहरुलाई स्थलगत अनुगमन तथा निरीक्षण गरी आपसी छलफलद्वारा कार्यालयबाट नै समस्याको समाधान गरिएको छ।
- नगरपालिकाको नियमन क्षेत्रभित्र रहेका सहकारी संस्थाहरुलाई कारोबारको आधारमा व्यवसाय करको दायरामा ल्याएर रु २,७०,२५० कर संकलन गरिएको छ ।
- नगरपालिकामा रहेका सहकारी संस्थाहरुको तथ्यांकलाई चुस्त दुरुस्त तथा आर्थिक पारदर्शिता ल्याउन विज्ञ प्रशिक्षकहरुद्धारा सहकारी संस्थाका व्यवस्थापकहरुलाई COPOMIS तथा लेखा व्यवस्थापन तालिम संचालन गरिएको छ । नगरपालिकाको नियमन क्षेत्र भित्र रहेका सहकारी

संस्थामध्ये ७२ वटाको आर्थिक वर्ष २०८०/०८१ को लेखापरीक्षण प्रतिवेदनका आधारमा एकीकृत विवरण तोकिएको ढाँचामा सहकारी विभागमा पठाइएको छ ।

- नगरपालिकाको क्षेत्र भित्रका सहकारी संस्थाहरुको अनुगमन तथा नियमन कार्यलाई व्यवस्थित गर्दै ऋण असुली तथा बचत कर्ताको पुँजी सुरक्षाका लागि आवश्यक सहजीकरण गरिएको छ ।
- नगरभित्र सफा र स्वच्छ मासु तथा मासुजन्य पदार्थको व्यवस्था गर्न मासु पसल, फ्रेस हाउस तथा बधशालाको नियमित अनुगमन गरी मासुपसल फ्रेस हाउस सुधार कार्यक्रम सम्पन्न गरीएको छ ।
- छाडा तथा सामुदायिक कुकुरहरुवाट मानिसमा सर्ने रेविज र वढ्दो सडक दुर्घटना न्युनिकरण गर्ने उदेश्य सहित जिरो रेविज वाइ २०३० नारा सहित सामुदायिक कुकुरमा वन्ध्याकरण र रेविज विरुद्धको खोप कार्यक्रम सञ्चालन गरी गण्डकी प्रदेशमै उत्कृष्ट कार्य सम्पादन पुरस्कार प्राप्त गरेको छ ।
- ११ विपन्न परिवारलाई दुहुनो पशुमा अनुदान कार्यक्रम सम्पन्न भएको छ।
- अफ्रिकन स्वाईन फिवरवाट प्रभावित सुँगुर, वंगुर फर्मलाई पुनस्थापना, सहयोग उपलब्ध गराईएको छ ।
- नगरभित्रका ८८ वटा सामुदायिक घर पालुवा कुकुरहरुको स्थायी बन्ध्याकरण तथा रेविज सचेतना कार्यक्रम सम्पन्न गरिएको छ।
- वैदेशिक रोजगारीलाई सुरक्षित व्यवस्थित र मर्यादित बनाउने उद्धेश्य साथ आप्रवासी स्रोत केन्द्रबाट ३४६० महिला र ५९८८ पुरुष गरि कुल ९४४८ जना ब्यक्तिहरुलाई सूचना तथा परामर्श सेवा प्रदान गरिएको छ।
- वैदेशिक रोजगार सम्बन्धि निःशुल्क कानुनी र आर्थिक सहायताका लागि दर्ता भएका ५३ निवेदनहरु मध्ये १९ निवेदनको समाधान भई कुल १ करोड ८० लाख ३३ हजार ५५३ रुपैया निवेदकहरुले आर्थिक सहायता प्राप्त गरेका छन र बाँकी निवेदन समाधानको प्रक्रियामा रहेका छन ।
- राजश्व प्रणालीमा महालेखा नियन्त्रक कार्यालयद्धारा सञ्चालित स्थानीय संचित कोष ब्यवस्थापन प्रणाली (SuTRA) रेभिन्यू मोडल पुर्ण रुपमा सञ्चालन भइरहेको छ ।
- रोजगार प्रवर्द्धन कार्यक्रम अन्तर्गत सुचिकृत भएका १०२४ जना वेरोजगार व्यक्ति मध्ये विभिन्न १६ वटा योजनाको माध्यमवाट ९० जना व्यक्तिहरुलाई १०० दिनको रोजगारी प्रदान गरिएको छ ।

**आदरणीय सभाका अध्यक्षज्यू,**

**नगर सभाका सदस्यज्यूहरु,**

१०. अब म कुश्मा नगरपालिकाको आगामी आ.व. २०८२/०८३ को बजेटका उद्देश्य र प्राथमिकता प्रस्तुत गर्न चाहन्छु ।

११. **"समृद्ध सुन्दर कुश्मा नगर"** भन्ने लक्ष्य पूरा गर्नका लागि तयार पारिएको आगामी आ.व. २०८२/०८३ को बजेटका मुख्य उद्देश्यहरु देहाय बमोजिम रहनेछन् ।

- शहरी पूर्वाधारको विकास, विस्तार गर्ने ।
- पूर्वाधार विकासको दिगोपन र गुणस्तरीयता कायम गर्न स्थानीय स्रोत र साधनको अधिकतम प्रयोग गर्ने ।
- शिक्षा र स्वास्थ्यमा सवै नगरवासीको पहुँच वढाई उनीहरुको जीवनमा गुणात्मक सुधार गर्ने ।
- कृषिलाई मर्यादित पेशाका रुपमा स्थापित गराई उत्पादनमा युवा परिचालन र प्रोत्साहन गरी निर्वाहमुखी कृषिलाई व्यवसायमा रुपान्तरण गर्ने ।
- नगरभित्रका धार्मिक तथा पर्यटकीय क्षेत्रको संरक्षण,प्रचार एवं विकासका लागि सार्वजनिक निजी साझेदारीलाई प्रोत्साहन गर्ने।
- लक्षित समूहको संरक्षण विकास र सशक्तिकरण गराई उनीहरुलाई विकासको मूलप्रवाहमा ल्याउने ।
- वातावरण संरक्षण गर्दै विपत् ब्यवस्थापनलाई प्रभावकारी वनाउने ।
- नगरपालिकाबाट प्रवाह गरिने सेवालाई सेवाग्राहीमैत्री बनाई सेवाप्रवाहमा पारदर्शिता, वित्तिय अनुशासन, आर्थिक सुशासन तथा उत्तरदायित्व अभिवृद्धि गर्ने ।

**यस गरिमामय सभाका सभाध्यक्षज्यू,**

१२. अब म आ.व. २०८२/०८३ को बजेटका मुख्य प्राथमिकताहरु प्रस्तुत गर्दछु ।

- कृषि उत्पादन प्रवर्द्धनका लागि कृषिमा यान्त्रिकीकरण र प्रविधिको प्रयोगमा जोड दिने ।
- नगर र वडा कार्यालयका प्रशासनिक भवन निर्माण तथा वडागत पूर्वाधार निर्माण गर्ने ।
- आन्तरिक राजस्वको दायरा फराकिलो बनाउँदै आन्तरिक आय वृद्धि गर्ने ।
- नगरपालिकाभित्र रहेका नागरिकहरुको असन्तुलित आयलाई सन्तुलनमा ल्याउन सामाजिक न्यायमा आधारित कार्यक्रमहरु सञ्चालन गर्ने ।
- नगरपालिकामा वसोवास गर्ने अल्पसख्यक समुदायको पहिचान गरी संरक्षण गर्ने ।
- लोपोन्मुख परम्परागत साँस्कृतिक नाँचगान नाटक भजन तथा रितिरिवाजहरुको संरक्षण गर्ने ।
- धार्मिक एवम् वैदिक महिमा बोकेका पर्यटकीय क्षेत्रको प्रचार प्रसार गरी पर्यटकीय आकर्षणको केन्द्र बनाउने ।

**आदरणीय सभाका सभाअध्यक्षज्यू**

**नगर सभाका सदस्यज्यूहरु,**

**१३.** अव म आगामी आर्थिक बर्षको वजेटका मुख्य मुख्य क्षेत्रगत कार्यक्रम र विनियोजन प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

**आर्थिक विकास क्षेत्रः**

१४. कुश्मा नगरपालिकालाई उत्पादनमा आधारित कृषि क्षेत्रको विकास गरि आत्मनिर्भर कुश्मा वनाउन खाद्य सुरक्षाका लागि कृषि यान्त्रीकरण विस्तार कार्यक्रम र प्लाष्टिक टनेल निर्माण कार्यक्रमका लागि १ करोड ९ लाख विनियोजन गरेको छु ।

१५. कुश्मा नगरपालिकाको समग्र साँस्कृतिक पर्यटन प्रवर्द्धनका लागि लालेश्वर मन्दिर पर्यटन पूर्वाधार निर्माण कु.न.पा ८ का लागि ८० लाख ८० हजार, पर्वत गोदाम टुँडिखेलमा पार्क निर्माणका लागि २५ लाख र गुप्तेश्वर धार्मिक पर्यटन पुर्वाधार निर्माणका लागि ७० लाख विनियोजन गरेको छु ।

**सामाजिक विकास क्षेत्रः**

१६. स्थानीय विकासको प्रमुख आधार शिक्षाको विकासका लागि पुर्वाधार, शैक्षिक सुधार र शिक्षकहरुको तालिमका लागि आवश्यक वजेट विनियोजन गरिएको छ । वार्षिक रुपमा विद्यालयस्तरमा सञ्चालन गरिने परिक्षा नगरपालिका स्तरमा सञ्चालन गर्नको लागी आवश्यक वजेटको विनियोजन गरेको छु

१७. **विद्यार्थी प्रतिभा पहिचान कार्यक्रम** अन्तर्गत विगत वर्ष देखी सञ्चालनमा रहेको एस.ई.ई. र कक्षा १२ मा ३.६३ वा सो भन्दा माथि जि.पी.ए. ल्याउने विद्यार्थीलाई छात्रवृत्ति दिने कार्यक्रमलाई निरन्तरता दिने प्रवन्ध मिलाएकी छु ।

१८. सामुदायिक विद्यालयका छात्राहरुको लागि **निशुल्क स्यानिटरी प्याड** उपलब्ध गराउनका लागि १५ लाख ४१ हजार वजेट विनियोजन गरिएको छ ।

१९. आधारभूत तहका विद्यार्थीको पोषण र उपस्थितिका दर वृद्धि गर्नका लागि कक्षा १ देखि कक्षा ५ सम्म अध्यनरत विद्यार्थीलाई **दिवा खाजाको** ८९ लाख ५० हजार वजेट विनियोजन गरिएको छ ।

२०. **महिला, वालवालिका, जेष्ठ नागरिक, दलित, जनजाति, अल्पसंख्यक र अपाङ्गता** भएका ब्यक्तिहरुलाई मुलप्रवाहीकरण गर्नका लागि पहुँच, सहभागिता र सशक्तिकरणका लागि १३ लाख वजेट विनियोजन गरेकी छु ।

२१. खेलकुद्ध क्षेत्रको प्रवर्द्धनका लागि आवश्यक वजेट विनियोजन गरेकी छु ।

२२. **सुत्केरी पौष्टिक आहार कार्यक्रम** सञ्चालनका लागि रु. १२ लाख विनियोजन गरेकी छु ।

**भौतिक पुर्वाधारः**

२३. कुश्मा नगरपालिकाको **प्रशासनिक भवन निर्माण** गर्नका लागि संघीय सरकारको साझेदारीमा कूल रु. ९ करोड वजेट विनियोजन गरेकी छु ।

२४. कुश्मा नगरपालिका वडा नं. २ मा पर्ने थानपति छिपछिपे कोट गाउँ सडकका लागि संघीय सरकारबाट रु. ८६ लाख र नगरपालिकावाट १ करोड २९ लाख गरी कुल जम्मा २ करोड १५ लाख विनियोजन गरेकी छु ।

२५. कुश्मा नगरपालिकाका १४ वटै वडाहरुको सडक, सिँचाई, खानेपानी पुर्वाधार निर्माणको लागि वडागत योजना तथा कार्यक्रमका लागि ९ करोड विनियोजन गरेकी छु ।

२६. नगरबासीमा सफा र स्वच्छ खानेपानीको सहज पँहुच विस्तार गर्नका लागि वडा नं. १३ मा विगत देखि सञ्चालनमा रहेको **एक घर एक धारा कार्यक्रम** लाई निरन्तरता दिन संघीय सरकार विशेष अनुदानवाट ५० लाख विनियोजन गरिएको छ ।

२७. नागरिकहरुको दैंनिक आवत जावतलाई छोटो, छरितो, सहज र सरल बनाउन रणनीतिक महत्व बोकेका स्थानहरुमा **झोलुगें पुलको** निर्माणका लागि ६ लाख विनियोजन गरेकी छु ।

२८. नेपाल सरकारको सहयोगमा चुवा स्वास्थ्य चौकी भवन निर्माणका लागि रु. ५० लाख वजेट विनियोजन गरेकी छु ।

२९. वडा नं. १२ को वडा कार्यालय निर्माणको लागि रु. ५० लाख विनियोजन गरेकी छु ।

**३०.** कुश्मा नगरपालिका अन्तर्गतका विभिन्न वडाहरुमा रहेका सडकहरुको स्तोरउन्नती गर्नका लागि कुश्मा वडा नं .८ चुवा चक्रपथ सडकका लागि रु. २५ लाख, अम्बोट ओकादी खोला सडकका लागि रु. २५ लाख, कुश्मा वसपार्क अग्लोपुल फलामखानी सडकका लागि रु. २५ लाख, आदर्श स्कुल देखि पुरानो बजार जोड्ने सडकका लागि रु. २५ लाख, चाँचरीचोक भारतीखोर लाम्पाटा चोक सडकका लागि रु. २५ लाख र मरेपिपल सालघारी केटीचौर सडकका लागि रु. ४० लाख विनियोजन गरेकी छु ।

### वन, वातावरण तथा विपद् ब्यवस्थापनः

३१. विपद् प्रभावितको उद्धार र राहतलाई प्रभावकारी वनाउन विपद ब्यवस्थापनमा संलग्न निकायहरुको क्षमता अभिवृद्दीको लागि आवश्यक स्रोत ब्यवस्थापन गरेकी छु । विपत् पुर्वतयारी, खोज, उद्धार, पुर्नस्थापनामा स्थानीय समुदायको अभिवृद्दीका लागि स्वयंसेवक परिचालन गरिने छ । प्रकोप ब्यवस्थापन कोषमा रु. ६० लाख वजेट विनियोजन गरेकी छु । मनसुनजन्य विपत् पश्चात निर्माण गरिने आवासमा समपुरक गर्नका लागि रु. ५० लाख वजेट विनियोजन गरेकी छु ।

**३२.** नगरपालिका क्षेत्रभित्र उत्पन्न हुने फोहेरमैला व्यवस्थापन कार्यको लागि रु. ३० लाख रकम विनियोजन गरेकी छु ।

### संस्थागत क्षमता विकास, सेवा प्रवाह र सुशासनः

३३. सेवाग्राहीले सम्पत्ति तथा भुमिकर र अन्य राजश्व वुझाउनका लागि सम्वन्धित वडा कार्यालयमा साथै अनलाईन माध्यम मार्फत् वुझाउने ब्यवस्था मिलाइएको छ ।

३४. सार्वजनिक सेवालाई जनमुखी, जवाफदेही, पारदर्शी, समावेशी तथा सहभगितामूलक वनाउन सुशासनका आधारभुत तत्वहरुको परिचालन गर्न, प्रविधिमैत्री वनाउन, क्षमता तथा सीप विकास मार्फत् उत्तरदायी वनाउन आवश्यक वजेट विनियोजन गरिएको छ ।

३५. न्यायिक समितिको वडा तहसम्म नै पहुँच स्थापित गरि मेलमिलाप मार्फत् विवाद समाधान गर्न न्यायिक समितिलाई थप क्रियाशिल वनाई कार्यसम्पादनमा प्रभावकारी वनाउन १० लाख वजेट विनियोजन गरेकी छु ।

३६. सुचनाको हकको प्रवर्द्धन एवं विकास निर्माण प्रकृयाको जवाफदेहिताको लागि राष्ट्रिय स्तरका संवाददाता तथा स्थानीय पत्रकारिता प्रवर्द्धनको लागि रु. १० लाख चालु खर्चवाट विनियोजन गरेकी छु ।

३७. अव म आर्थिक वर्ष २०८०/०८१ को यर्थाथ आय व्यय पेश गर्ने अनुमति चाहान्छु ।

- गत आर्थिक बर्ष २०८०/०८१ मा कुल आय ८८ करोड ६७ लाख ६८ हजार प्रस्ताव गरिएकोमा ७८ करोड ०६ लाख ६६ हजार आय भएको र कुल व्यय ७६ करोड २९ लाख २३ हजार भई मौज्दात १ करोड ७७ लाख ४३ हजार हस्तान्तरण भएको थियो ।
- नगरसभाको एघारौ अधिवेशनवाट आर्थिक बर्ष २०८१/०८२ को स्वीकृत भएको वजेट तथा कार्यक्रमको साथै नगरपालिका र नगर कार्यपालिकाको निर्णयवाट छनोट गरी कार्यान्वयन गरिएका सवै योजना तथा कार्यक्रमहरु समेत यस बाह्रौं अधिवेशनवाट अनुमोदन सहित स्वीकृत गर्न प्रस्ताव पेश गरेकी छु ।

**सभाध्यक्ष महोदय**

३८. आर्थिक वर्ष २०८२/०८३ को लागि अनुमान गरिएको खर्च ब्यहोर्ने स्रोत मध्ये नेपाल सरकारबाट प्राप्त वित्तीय समानीकरण अनुदान १२ करोड ३६ लाख, गण्डकी प्रदेश सरकार वित्तीय समानीकरण अनुदान १ करोड ७० लाख ४ हजार, नेपाल सरकार राजश्व बाँडफाँड अन्तर्गत मूल्य अभिवृद्दीकर र अन्तशुल्क वापत ९ करोड ८५ लाख ५८ हजार र विद्युती रोयल्टी वापत ५० लाख, प्रदेश सरकार राजश्व बाँडफाँड अन्तर्गत सवारीकर वापत १ करोड ५९ लाख ९५ हजार, स्थानीय राजश्व बाँडफाँड अन्तर्गत दहत्तर वहत्तर निकासीकर वापत ३ करोड ५० लाख र मालपोत रजिष्ट्रेशन शुल्क वापत २ करोड र आन्तरिक आय र आर्थिक वर्षको अन्त्यमा वैंक खाताहरुमा रहेको मौज्दात रकम समेतवाट ७ करोड ८७ लाख ४३ हजार, नेपाल सरकार सशर्त अनुदान चालु तर्फ ४२ करोड ३० लाख, नेपाल सरकार सशर्त अनुदान पुँजीगत तर्फ ५ करोड ४१ लाख, नेपाल सरकारवाट प्राप्त समपुरक अनुदान ८६ लाख, नेपाल सरकार विशेष अनुदान १ करोड १९ लाख, गण्डकी प्रदेश सरकारवाट प्राप्त विशेष अनुदान ४० लाख, शसर्त अनुदान २ लाख र समपुरक अनुदान ४० लाख ४० हजार गरि कुल जम्मा ८९ करोड ९७ लाख ४० हजार आय अनुमान गरिएको छ ।

**३९.** आर्थिक वर्ष २०८२/०८३ को लागि कुल वजेट ८९ करोड ९७ लाख ४० हजार विनियोजन गरेकी छु । कुल विनियोजित रकम मध्ये नगर सभा द्धारा वाँडफाँट योग्य रकम ३९ करोड ३९ लाख मध्ये चालु खर्च तर्फ एकमुष्ट १५ करोड २५ लाख र पुँजीगत खर्च तर्फ वडागत योजना तथा कार्यक्रमका लागि ९ करोड विनियोजन गरेकी छु । चालु खर्च मध्ये वडा कार्यालय सञ्चालन खर्च वापतको ७० लाख समेत माथि उल्लेखित चालु खर्चवाट नै ब्यवस्थापन मिलाएकी छु । नगर स्तरीय पुर्वाधार कार्यक्रममा ३ करोड ८० लाख, सामाजिक विकास तर्फ २ करोड ६९ लाख, आर्थिक विकास तर्फ ८५ लाख, सुशासन तथा अन्तर सम्वन्धित क्षेत्र (विपत ब्यवस्थापन समेतमा) १ करोड ४० लाख, संस्थागत विकास तथा सेवा प्रवाह सुशासन तर्फ ९० लाख, समपुरक कोष तर्फ २ करोड, चालु आ.व. मा सम्भावित भुक्तानी दिन वाँकी योजना तथा कार्यक्रमका लागि ३ करोड ५० लाख विनियोजन गरेकी छु । चालु

तर्फ ५९.७० प्रतिशत र पुँजीगत तर्फ ४०.३० प्रतिशत विनियोजन भएको छ । संघीय सरकार र गण्डकी प्रदेश सरकारवाट हस्तान्तरित शसर्त, समपुरक र विशेष अनुदान तर्फका ५० करोड ५८ लाख ४० हजार वरावरका योजना तथा कार्यक्रमहरु तोकिए वमोजिम नै खर्च हुने ब्यवस्था मिलाएकी छु । वजेट, योजना तथा कार्यक्रम सम्वन्धि विस्तृत विवरणहरु अनुसुचीहरुमा समावेश गरिएको छ ।

**अन्त्यमा,**

आम नगरबासीको विकास प्रतिको उत्कृष्ट आकांक्षालाई साकार पार्न, नगरको ऐतिहासिक, सांस्कृतिक पर्यटकीय महत्वलाई सामाजिक न्याय, समानता, सामाजिक सद्भाव एवं बन्धुत्व विकास र समग्र नगरको विकास तथा समृद्धिको महत्वलाई थप उजागर गर्ने विश्वास लिएकी छु ।

बजेट तर्जुमा जति महत्वपुर्ण छ सफल कार्यान्वयनमा यसको सार्थकता झल्किन्छ । वजेटको सफल कार्यान्वयनका लागि सम्पुर्ण नगरवासीहरुले आ-आफ्नो क्षेत्रवाट साथ र सहयोग गर्नुहुनेछ भन्ने पुर्ण अपेक्षा गरेकी छु । **"समृद्ध सुन्दर कुश्मा नगर"** बनाउने हाम्रो पवित्र उद्देश्यलाई साकार पार्नका लागि सम्पूर्ण नगरबासीहरु, नगरसभासदस्य ज्यूहरु, कर्मचारीहरु, करदाता महानुभावहरु, विकास साझेदार संघसंस्थाहरु, सरकारी / गैरसरकारी तथा सामुदायिक संघसंस्थाहरु, संचार जगत एवं सम्बद्ध सबैलाई सदा झै सहकार्य, समन्वय र रचनात्मक सहयोग गर्न सादर अनुरोध गर्न चाहन्छु ।

धन्यवाद ।।।

मितिः २०८२ असार १०

स्वस्थानी रिजाल
उपप्रमुख